"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०७७/०७८

चलानी नं. : ९०४४

मिति : २०७७/१०/०९

**अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित कार्यक्रम संचालन गर्न आवेदन दिने सम्वन्धी सूचना**

यस नगरपालिका भित्र अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित कार्यक्रम संचालन गर्न **"अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित कार्यक्रम समन्वय तथा अनुगमन समिति"**को मिति २०७७।९।२९ गते बसेको बैठक निर्णय अनुसार उपरोक्त कार्यक्रम संचालन गर्न इच्छुक संस्थाहरुका लागि यो सूचना प्रकाशन मितिले १० दिनभित्र यस नमोवुद्ध नगरपालिकामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**देहायका काम गर्न सम्बन्धित संस्थाले देहायको शर्त पुरा गरेको हुने पर्ने ।**

**संस्थाले संचालन गर्नु पर्ने कार्यक्रमका क्षेत्रहरु**

१. अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यमान कानुनमा व्यवस्था भएका विभिन्न सेवा,सुविधा, अवसर बारे जानकारी, परामर्श दिने र सेवा एवं अवसर प्राप्त गर्न सहयोग गर्ने ।

२. स्थानीय तहमा तालिम संचालन गर्दा स्थानीय शिक्षक, बुद्धिजिवी, समाजसेवी, स्वयंमसेवक लगायतका सरोकारवालाहरुसँग समन्वय गर्ने र सेवा प्राप्तगर्न पहल गर्ने ।

३. अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्बन्धि क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने ।

४. अपाङ्गता भएका व्यक्तिहरुको अबिलम्ब पहिचान एवं सेवा, परामर्श, पूर्व तयारी कक्षा संचालन, समाहितशिक्षा, विषेश शिक्षा तालिम रोजगार र व्यवसायिक तालिम स्वास्थ्योपचार सेवा, स्याहार र रेखदेख सेवा उपलब्ध गराउन, मद्धत गर्ने गराउने ।

५. अपाङ्गता भएका व्यक्ति, परिवार स्थानीयनिकायका पदाधिकारी समुदायका लागि अपाङ्गपन निरोध न्युनिकरण एवं उपचारात्मक लगायत सचेतना सम्बन्धि तालिम कार्यक्रम, गोष्ठी, सभा, अर्न्तक्रिया संचालन गर्ने गराउने ।

गैर सरकारी संस्थाहरुले अनुसूची १ बमोजिमको फाराम अनुसारको विवरण पेश गर्नु पर्ने छ ।

अनुसूची १.

(क) संस्थाको विवरण

१. अपाङ्गताको क्षेत्रमाकार्य अनुभव
२. संस्थामाकार्यरत तलवीकर्मचारी
३. भौतिकपूर्वाधार

(ख) संस्थाले दरखास्तसँगै बुझाउनु पर्ने कागजातहरु

१. अपाङ्गता क्षेत्रमाकाम गरेको अनुभव सम्बन्धिकागजातहरु
२. संस्थादर्ता नविकरण,विधान,प्रशासनिक र आर्थिक नियमावलीको छायाँ कपी ।
३.समाज कल्याण परिषदको आवद्धता प्रमाण पत्र
४. गतवर्षको वार्षिक तथा लेखाप्रतिवेदन
५. संस्थाको भौतिकपुर्वाधारको अवस्था ।

२०७७/१०/०९

(जनार्दन रिजाल)
उप सचिव

URL: www.namobuddhamun.gov.np, Email: namobuddhamun@gmail.com, Fax: 011-404031
Facebook Page: www.fb.com/hellonamobuddhamun